# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति*

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्ममा विस्तृत मुद्राप्रदाय ११.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ३.९ प्रतिशतले मात्र वृद्धि भएको थियो । वार्षिक विन्दुगत आधारमा २०६८ माघ मसान्तमा विस्तृत मुद्रा प्रदाय २०.६ प्रतिशतले वृद्धि भएको छ । वित्तीय क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा उच्च वृद्धि भएको हुँदा विस्तृत मुद्रा प्रदायमा वृद्धि भएको हो । आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्ममा संकुचित मुद्रा प्रदाय भने ६.४ प्रतिशतले मात्र वृद्धि भएको छ । वार्षिक विन्दुगत आधारमा २०६८ माघ मसान्तमा संकुचित मुद्रा प्रदाय १४.० प्रतिशतले वृद्धि भएको छ ।

२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ७५ अर्ब ९ करोड (३४.८ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. १३ अर्ब ४ करोड (६.१ प्रतिशत) ले घटेको थियो । विप्रेषण आप्रवाहका साथै सेवा आयमा उल्लेख्य वृद्धि भई चालू खाता सन्तुलन धनात्मक भएको तथा वित्तीय खातामा समेत सुधार भएकोले भुक्तानी सन्तुलन सुदृढ भई मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा उच्च वृद्धि भएको हो ।

### कुल आन्तरिक कर्जा

३. आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्ममा कुल आन्तरिक कर्जा २.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ५.६ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०६८ माघ मसान्तमा कुल आन्तरिक कर्जा १०.९ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्ममा निजी क्षेत्रतर्फको कर्जा ५.८ प्रतिशतले मात्र वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सो कर्जा ११.७ प्रतिशतले विस्तार भएको थियो ।

### बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

४. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १०.९ प्रतिशत (रु. ८९ अर्ब ९६ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ४.५ प्रतिशत (रु. ३२ अर्ब ८३ करोड) ले मात्र बढेको थियो । समीक्षा अवधिमा बाणिज्य बैंकहरुको निक्षेप परिचालनको वृद्धिदर १२.० प्रतिशत, विकास बैंकहरुको १२.७ प्रतिशत र वित्त कम्पनीहरुको १.४ प्रतिशत रहेको छ ।

* विगतमा मौद्रिक सर्भेक्षणमा नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरुको वासलातलाई मात्र समावेश गर्ने गरिएकोमा आर्थिक वर्ष २०६८/६९ को चार महिनादेखि मौद्रिक सर्वेक्षणको दायरामा विकास बैंक तथा वित्त कम्पनीहरुलाई समेत समावेश गरी विस्तृत मौद्रिक सर्वेक्षण प्रकाशनमा ल्याइएको छ । प्रस्तुत मौद्रिक विवरणहरु यसैमा आधारित रहेका छन् ।

अघिल्लो वर्षको सोही अवधिमा बाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालनको वृद्धिदर क्रमशः १.२ प्रतिशत, ९.८ प्रतिशत र ७.० प्रतिशत रहेको थियो ।

## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

५. आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी ७.३ प्रतिशत (रु. ६२ अर्ब ३१ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कर्जा तथा लगानी ९.७ प्रतिशत (रु. ७२ अर्ब ४२ करोड) ले बढेको थियो । समीक्षा अवधिमा बाणिज्य बैंक र विकास बैंकहरुको कर्जा तथा लगानी क्रमशः ८.४ प्रतिशत र ८.८ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको कर्जा तथा लगानी बढ्न सकेको छैन । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ५.१ प्रतिशत (रु. ३५ अर्ब ४१ करोड) ले मात्र बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ११.५ प्रतिशत (रु. ७० अर्ब ८ करोड) ले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जा मध्ये बाणिज्य बैंकहरुबाट प्रवाहित कर्जा ६.८ प्रतिशतले र विकास बैंकबाट प्रवाहित कर्जा २.८ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुबाट प्रवाहित कर्जा ३.१ प्रतिशतले घटेको छ ।

६. समीक्षा अवधिमा वाणिज्य बैंकहरूवाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. १३ अर्ब ६० करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. १७ अर्ब २२ करोडले बढेको थियो । समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. ४ अर्ब ९९ करोडले, कृषि क्षेत्रतर्फको कर्जा रु. ४ अर्ब ७५ करोडले, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. ५ अर्ब १४ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. १ अर्ब ४८ करोडले बढेको छ ।

## तरलता व्यवस्थापन

७. आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्ममा खुला बजार कारोबार अन्तर्गत रिपो बोलकबोल मार्फत रु. ७४ करोड ३७ लाख तरलता प्रवाह भएको र सोझै विक्री बोलकबोल मार्फत रु. ८ अर्ब ४० करोडको तरलता प्रशोचन भई खुद रु. ७ अर्ब ६५ करोड ६३ लाख तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिपो बोलकबोलबाट रु. २८ अर्ब तरलता प्रवाह भएको थियो भने बिक्री बोलकबोलबाट रु. २ अर्ब र  रिभर्स रिपो बोलकबोलबाट रु. १९ अर्बको तरलता प्रशोचन भएको थियो ।

८. आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (बाणिज्य बैंकहरू) बाट अमेरिकी डलर १ अर्ब ८१ करोड खुद खरिद गरी रु. १४१ अर्ब २६ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ३६ करोड खुद खरिद गरी रु. ९८ अर्ब ५० करोड खुद तरलता प्रवाह गरेको थियो ।

९. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ६२ करोड बिक्री गरी रु. १२६ अर्ब ५७ करोड बरावरको भा. रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ४४ करोड बिक्री गरी रु. १०४ अर्ब ९२ करोड बरावरको भा. रु. खरिद भएको थियो ।

### अन्तर-बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग

१०. आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्ममा वाणिज्य बैंकहरूले कुल रु. ११२ अर्ब ४१ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा कुल रु. २२५ अर्ब ४३ करोड बराबरको अन्तर-बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा कुल रु. ४ अर्ब २९ करोडको स्थायी तरलता सुविधाको उपयोग भएकोमा २०६८ माघ मसान्तमा रु. ९० लाख वक्यौता रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. १३६ अर्ब ६४ करोड स्थायी तरलता सुविधा उपयोग भएकोमा रु. ५ अर्ब ७१ करोड बक्यौता रहेको थियो । समीक्षा अवधिमा बैंकहरुको निक्षेप परिचालन बढ्न गई तरलताको स्थिति सुदृढ भएकोले अन्तर-बैंक कारोवारका साथै स्थायी तरलता सुविधाको उपयोगमा कमी आएको हो ।

### अल्पकालीन व्याजदर

११. आर्थिक वर्ष २०६८/६९ को माघ महिनामा अघिल्लो वर्षको माघ महिनाको तुलनामा अल्पकालीन व्याजदरहरुमा कमी आएको छ । उदाहरणको लागि ९१-दिने ट्रेजरी विलको भारित औसत व्याजदर अघिल्लो वर्षको माघ महिनामा ७.७८ प्रतिशत रहेकोमा २०६८ माघमा ०.६१ प्रतिशत रह्यो । त्यसैगरी, भारित औसत अन्तर-बैंक व्याजदर अघिल्लो वर्षको माघमा ८.४५ प्रतिशत रहेकोमा २०६८ माघमा ०.७२ प्रतिशत कायम रहेको छ ।

## धितोपत्र बजार

१२. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा २३.० प्रतिशतले घटी २०६८ माघ मसान्तमा ३११.८८ विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६७ माघ मसान्तमा ४०५.०३ रहेको थियो । लगानीकर्ताहरुको आत्मविश्वासमा कमी आएको र बजारमा शेयरको आपूर्ति उल्लेख्य रूपमा बढेकोले समेत शेयरको मूल्यमा गिरावट आएको हो ।

१३. धितोपत्रको बजार पूँजीकरण २०६८ माघ मसान्तमा वार्षिक विन्दुगत आधारमा १८.० प्रतिशतले घटी रु. २०० अर्ब ९० करोड कायम भएको छ । २०६८ माघ मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २१.५ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६७ माघ मसान्तमा ३०.२ प्रतिशत रहेको थियो । कुल बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको सबैभन्दा ठूलो हिस्सा रहेको छ । जसअनुसार बैंक तथा वित्तीय संस्थाहरूको ६६.३ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ३.९ प्रतिशत, होटलहरूको २.० प्रतिशत, व्यापारिक संस्थाहरूको ०.४ प्रतिशत, जलविद्युत क्षेत्रको ५.१ प्रतिशत र अन्यको २२.३ प्रतिशत अंश रहेको छ ।

१४. सूचीकृत कम्पनीहरूको चुक्ता पूँजीको वार्षिक वृद्धि १४.५ प्रतिशत भई २०६८ माघ मसान्तमा रु. १०७ अर्ब १५ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरू सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । २०६८ माघ मसान्तमा रु. १ अर्ब ३० करोड ५० लाख बरावरको साधारण शेयर, रु. ७३ करोड ४५ लाख बराबरको बोनस शेयर, रु. १ अर्व ९९ करोड ५० लाख बराबरको हकप्रद शेयर, रु. ४ करोड बराबरको परिवर्त्य अग्राधिकार शेयर र रु. ५ अर्ब बराबरको सरकारी ऋणपत्र गरी कुल रु. ९ अर्ब ७ करोड ४५ लाख रकम बराबरको धितोपत्र सूचीकृत भएको छ ।

१५. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरूको संख्या २०६८ माघ मसान्तसम्ममा २१४ पुगेको छ । यो संख्या २०६७ माघ मसान्तसम्ममा १९७ रहेको थियो । हाल सूचीकृत

कम्पनीहरूमध्ये १८२ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

१६. आर्थिक वर्ष २०६८/६९ को माघ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति १०.२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क ४.१ प्रतिशतले र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ९.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः १६.६ प्रतिशत र ५.० प्रतिशत रहेको थियो ।

१७. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये दुग्ध पदार्थ तथा अण्डा उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्कको वृद्धिदर सवैभन्दा वढी अर्थात १७.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा १०.५ प्रतिशतले मात्र वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा ०.९ प्रतिशतले वृद्धि भएको घिउ तथा तेलको मूल्य सूचकाङ्क समीक्षा अवधिमा १५.२ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा फलफूल र रेष्टुरेन्ट तथा होटलको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क क्रमशः १४.१ प्रतिशत र १०.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सो वस्तुहरुको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः २६.१ प्रतिशत र १५.६ प्रतिशत रहेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा मदिरा र सूर्तिजन्य पदार्थ उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः २.१ प्रतिशत र १७.१ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा उल्लिखित दुवै उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ९.२ प्रतिशत र ९.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ७३.१ प्रतिशतको उच्च दरमा वृद्धि भएको तरकारी र १२.२ प्रतिशतले बढेको खाद्यान्न उप-समूहहरुको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा क्रमशः १.६ प्रतिशत र १.१ प्रतिशतले ह्रास आएको छ ।

१८. समीक्षा अवधिमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये यातायात उप-समूहको मूल्य सूचकाङ्कमा १८.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ९.२ प्रतिशतले मात्र वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा लत्ता कपडा तथा जुत्ता चप्पल र फर्निसिंग तथा घरायसी उपयोगका सामान उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १५.२ प्रतिशत र १३.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित दुवै उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १३.८ प्रतिशत र ६.९ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा विविध वस्तु तथा सेवा र शिक्षा उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १०.१ प्रतिशत र ८.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्ष यी दुवै उप-समूहहरुको मूल्य सूचकाङ्कमा ४.७ प्रतिशतले वृद्धि भएको थियो । संचार उप-समूहको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ८.२ प्रतिशतले ह्रास भएको छ । अघिल्लो वर्षको सोही अवधिमा पनि उक्त उप-समूहको मूल्य सूचकाङ्कमा १०.४ प्रतिशतले ह्रास भएको थियो ।

१९. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सवैभन्दा बढी पहाडमा ८.६ प्रतिशत, तराईमा ६.६ प्रतिशत र काठमाडौं उपत्यकामा ६.३ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको

सोही अवधिमा उक्त क्षेत्रहरुमा यस्तो मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ११.३ प्रतिशत, ७.३ प्रतिशत र १३.३ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

२०. समीक्षा अवधिमा थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ४.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ११.८ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गत आयातीत वस्तु र स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क क्रमशः १२.२ प्रतिशत र ९.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको थोकमूल्य सूचकाङ्क क्रमशः ९.६ प्रतिशत र ९.८ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, अघिल्लो वर्ष १३.७ प्रतिशतले वृद्धि भएको कृषिजन्य वस्तुहरुको थोक मूल्य सूचकाङ्क भने समीक्षा अवधिमा ०.५ प्रतिशतले ह्रास भएको छ ।

२१. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये फलफूल तथा तरकारी र नगदेबालीको वार्षिक विन्दुगत थोकमूल्य सूचकाङ्क क्रमशः ७.१ प्रतिशत र ६.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सो उप-समूहहरुको थोकमूल्य सूचकाङ्कमा क्रमशः २४.७ प्रतिशत र ११.५ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ५३.९ प्रतिशत र १०.३ प्रतिशतले वृद्धि भएको मसला र खाद्यान्न उप-समूहहरुको थोकमूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा १७.७ प्रतिशत र ६.१ प्रतिशतले ह्रास भएको छ । त्यसैगरी अघिल्लो बर्ष १२.२ प्रतिशतले वृद्धि भएको पशुपन्छीजन्य उत्पादनको सूचकाङ्कमा समीक्षा अवधिमा १.० प्रतिशतले मात्र वृद्धि भएको छ भने अघिल्लो वर्ष २.४ प्रतिशतले ह्रास भएको दलहनको थोक मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा पुनः ४.३ प्रतिशतले ह्रास भएको छ ।

२२. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरु अन्तर्गतको खाद्यजन्य पदार्थ र पेय तथा सुर्तीजन्य वस्तुको थोक मूल्य सूचकाङ्क क्रमशः ११.० प्रतिशत र ९.८ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, निर्माण सामाग्रीको थोकमूल्य सूचकाङ्क समीक्षा अवधिमा ८.० प्रतिशतले वृद्धि भएको छ ।

२३. आयातीत वस्तुहरुमध्ये समीक्षा अवधिमा कपडाजन्य सामग्री र पेट्रोलियम पदार्थ तथा कोईला उप-समूहहरुको थोकमूल्य सूचकाङ्क क्रमशः २५.० प्रतिशत र १९.८ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, विद्युतीय सामाग्री र यातायातका साधन तथा पार्टपुर्जाको थोक मूल्य सूचकाङ्कमा क्रमशः १२.३ प्रतिशत र ६.९ प्रतिशतले वृद्धि भएको छ ।

## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२४. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ३०.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क १६.५ प्रतिशतले मात्र वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्क १९.३ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क ३३.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा कुनै परिवर्तन भएको थिएन भने ज्यालादर सूचकाङ्कमा २२.० प्रतिशतले वृद्धि भएको थियो ।

२५. समीक्षा अवधिमा तलब अन्तर्गत बैंक तथा वित्तीय संस्था, सार्वजनिक संस्थान र निजामती सेवाको तलब सूचकाङ्क क्रमशः ४२.४ प्रतिशत, २८.० प्रतिशत र १८.६ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, सैनिक र प्रहरी सेवा, शिक्षा र निजी संस्थाको तलब सूचकाङ्क क्रमशः २६.५ प्रतिशत, १९.१ प्रतिशत र ८.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरुमा कुनै परिर्वतन भएको थिएन ।

२६. समीक्षा अवधिमा ज्यालादर अन्तर्गत निर्माण मजदुरको ज्यालादर सूचकाङ्क ३४.५ प्रतिशतले, औद्योगिक मजदुरको ३४.३ प्रतिशतले र कृषि मजदुरको ३२.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरुमा क्रमशः २०.२ प्रतिशत १०.६ प्रतिशत र २८.५ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

२७. आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्ममा सरकारी बजेट रु. १९ अर्ब ४५ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. १२ अर्ब ३३ करोड रहेको थियो । स्रोत परिचालनको तुलनामा कुल सरकारी खर्च न्यून रहेको कारण सरकारी बजेट बचतमा रहेको हो ।

### सरकारी खर्च

२८. नगद प्रवाहमा आधारित कुल सरकारी खर्च समीक्षा अवधिमा २८.२ प्रतिशतले वृद्धि भई रु. १३८ अर्ब ४३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा भने यस्तो सरकारी खर्च ४.४ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको वार्षिक बजेट आर्थिक वर्ष शुरू भएको पाँचौ महिनामा मात्र सार्वजनिक भई कार्यान्वयनमा आएकोमा चालू आर्थिक वर्ष समयमै बजेट सार्वजनिक भई कार्यान्वयनमा आएकोले चालू वर्षको कुल सरकारी खर्चको वृद्धिदर उच्च रहन गएको हो ।

२९. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित चालू खर्चतर्फ रु. ११० अर्ब ५७ करोड खर्च भएको छ भने पूँजीगत खर्चतर्फ रु. १० अर्ब ६७ करोड खर्च भएको छ ।

### सरकारी राजस्व

३०. आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन १९.३ प्रतिशतले वृद्धि भई रु. १२८ अर्ब ४७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी राजस्व १४.२ प्रतिशतले वृद्धि भई रु. १०७ अर्ब ६७ करोड पुगेको थियो । समयमा नै बजेट आई कार्यान्वयनमा आएकोले आर्थिक क्रियाकलापहरुमा विस्तार भएको र कुल आयातमा वृद्धि भएको कारण राजस्वको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा बढ्न गएको हो ।

३१. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व १५.१ प्रतिशतले वृद्धि भई रु. ३९ अर्ब ८८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो वृद्धिदर १८.६ प्रतिशत रहेको थियो ।

३२. भन्सार राजस्व समीक्षा अवधिमा १०.४ प्रतिशतले वृद्धि भई रु. २२ अर्ब ८१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व ७.८ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिको तुलनामा चालू आर्थिक वर्षको पहिलो सात महिनासम्ममा कुल आयातमा भएको वृद्धिदरका कारण भन्सार राजस्वमा वृद्धि भएको हो ।

---

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोवार गर्ने राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका ६५ मध्ये ६५ वटै शाखाहरु, नेपाल बैंक लिमिटेडका ४३ मध्ये ३५ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल बंगलादेश बैंक लिमिटेड र ग्लोवल बैंक लिमिटेडका १-१ शाखाहरुबाट प्राप्त विवरणमा आधारित ।

३३. अन्तःशुल्क राजस्व समीक्षा अवधिमा ११.५ प्रतिशतले वृद्धि भई रु. १६ अर्ब ८५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त राजस्व १७.० प्रतिशतले वृद्धि भएको थियो। उच्च अन्तःशुल्क लाग्ने सवारी साधन लगायतका वस्तुहरुको आयातमा आएको कमीका कारण अन्तःशुल्क राजस्वको वृद्धिदरमा कमी आएको हो।

३४. समीक्षा अवधिमा आयकर राजस्व २३.५ प्रतिशतले वृद्धि भई रु. २६ अर्ब २२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयकर राजस्व २८.० प्रतिशतले वृद्धि भएको थियो।

३५. समीक्षा अवधिमा गैर-कर राजस्व रु. १८ अर्ब २९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा गैर-कर राजस्व रु. १२ अर्ब २१ करोड पुगेको थियो।

### वैदेशिक नगद ऋण र अनुदान

३६. आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु. २ अर्ब ७९ करोड र वैदेशिक नगद अनुदानवापत् रु. २४ अर्ब २७ करोड प्राप्त भएको छ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

३७. आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्ममा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा १३.४ प्रतिशतले वृद्धि भई रु. ४२ अर्ब ५९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु निर्यात ५.५ प्रतिशतले वृद्धि भई रु. ३७ अर्ब ५४ करोड पुगेको थियो। मासिक रुपमा हेर्दा चालू आर्थिक वर्षको माघ महिनामा कुल वस्तु निर्यातमा पुस महिनाको तुलनामा १३.८ प्रतिशतले वृद्धि भएको छ।

३८. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा अवधिमा १३.० प्रतिशतले वृद्धि भएको छ। यस्तो निर्यात अघिल्लो वर्षको सोही अवधिमा ९.९ प्रतिशतले वृद्धि भएको थियो। त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष २.२ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा १४.३ प्रतिशतले वृद्धि भएको छ। अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको १.८ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ६.५ प्रतिशतले वृद्धि भई अमेरिकी डलर १८ करोड ५२ लाख पुगेको छ। भारततर्फ मुख्यतयाः जस्ता पाता, लत्ताकपडा, पोलिस्टर धागो, जी. आई. पाइप र कपर वायर रडको निर्यात बढेको कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो। त्यस्तै, अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, तयारी पोशाक, पश्मिना, नेपाली कागज र सोका सामान र छालाको निर्यातमा वृद्धि भएको छ।

३९. समीक्षा अवधिमा कुल वस्तु आयात १६.९ प्रतिशतले बढेर रु. २५४ अर्ब ९५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा ०.३ प्रतिशतले कमी भई रु. २१८ अर्ब ११ करोड पुगेको थियो। मासिक रुपमा हेर्दा माघ महिनामा कुल वस्तु आयातमा पुस महिनाको तुलनामा १.६ प्रतिशतले कमी आएको छ।

४०. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको सात महिनासम्म २४.२ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ११.६ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको २९.५ प्रतिशत ह्रासको विपरित समीक्षा अवधिमा २८.१ प्रतिशतले

वृद्धि भएको छ । अमेरिकी डलरमा अन्य मुलुकबाट भएको वस्तु आयात अघिल्लो वर्षको सोही अवधिको २६.८ प्रतिशत ह्रासको विपरित समीक्षा अवधिमा १८.७ प्रतिशतले वृद्धि भई अमेरिकी डलर १ अर्ब १५ करोड १५ लाख पुगेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, रासायनिक मल, तयारी पोशाक, कृषि उपकरण तथा पार्टस् र कोइलाको आयात बढेको छ । अन्य मुलुकबाट विशेषगरी सुन, भटमासको कच्चा तेल, चाँदी, रासायनिक मल र अन्य मेशिनरी तथा पार्टस्को आयातमा वृद्धि भएको छ ।

४१. चालू आर्थिक वर्षको सात महिनासम्ममा कुल वस्तु व्यापार घाटा १७.६ प्रतिशतले वृद्धि भई रु. २१२ अर्ब ३६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटामा १.४ प्रतिशतले ह्रास आएको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा ११.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसंगको यस्तो घाटा २७.६ प्रतिशतले वढेको थियो । त्यस्तै, अघिल्लो वर्षको सात महिनासम्ममा ३३.६ प्रतिशतले घटेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ३१.१ प्रतिशतले वृद्धि भएको छ ।

४२. आयात व्यापारमा आएको वृद्धिको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात १६.७ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १७.२ प्रतिशत रहेको थियो ।

## शोधनान्तर स्थिति

४३. आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्ममा समग्र शोधनान्तर स्थिति हाल सम्मकै उच्च रु. ७५ अर्व ९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. १३ अर्व ४ करोडले शोधनान्तर घाटामा रहेको थियो । आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्ममा चालू खाता रु. ३४ अर्ब ६७ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु. ६ अर्ब ६६ करोडले घाटामा रहेको थियो । खासगरी विप्रेषण आयमा भएको उल्लेख्य वृद्धि एवं सेवा खातामा भएको उल्लेख्य सुधारका कारण चालू खातामा उल्लेख्य सुधार भएको हो । अमेरिकी डलरमा समीक्षा अवधिमा शोधनान्तर बचत ९५ करोड ६६ लाख डलर पुगेको छ भने चालू खाता बचत ४३ करोड ३७ लाख डलर पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर घाटा १७ करोड ६७ लाख डलर पुगेको थियो भने चालू खाता घाटा ८ करोड ९८ लाख डलर पुगेको थियो ।

४४. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्ष १.७ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा १७.१ प्रतिशतले वृद्धि भई रु. २०४ अर्ब ३२ करोड पुगेको छ । विगत केही वर्ष देखि घाटामा रहेको खुद सेवा आय समीक्षा अवधिमा रु. १० अर्ब ५ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा खाता घाटा रु. ६ अर्व रहेको थियो । यस वर्ष सेवा आम्दानी ३५.१ प्रतिशतले बढेको छ भने सेवा खर्च १५.१ प्रतिशतले घटेको छ । सेवा आय तर्फ अघिल्लो वर्षको पहिलो सात महिनामा पर्यटन आयमा २१.१ प्रतिशतले ह्रास आएकोमा समीक्षा अवधिमा २८.४ प्रतिशतले वृद्धि भएको छ । सेवा खर्चतर्फ खासगरी बाह्य भ्रमण वापतको खर्चमा २७.२ प्रतिशतले ह्रास आएको छ जसमध्ये शिक्षामा हुने विदेशी मुद्रा खर्च २४.९ प्रतिशतले घटेको छ । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको तुलनामा ३०.२ प्रतिशतले वृद्धि भई रु. २२२ अर्ब १२ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत पेन्सन आयमा १.२ प्रतिशतले कमी आई रु. १५ अर्ब ४४ करोड पुगेको छ । विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिको ११.७ प्रतिशत वृद्धिको तुलनामा ३५.५ प्रतिशतले वृद्धि भई रु. १८८ अर्ब १९ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको सात महिनामा १४.७ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा २५.० प्रतिशतले वृद्धि भई २ अर्ब ३९ करोड १२ लाख अमेरिकी डलर पुगेको छ । त्यसैगरी, समीक्षा अवधिमा वित्तीय खाता अन्तर्गत रु. ५ अर्ब ६१

करोडको प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो लगानी वापत रु. ४ अर्ब ८४ करोड प्राप्त भएको थियो ।

## विदेशी विनिमय सञ्चिति

४५. २०६८ माघ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६८ असार मसान्तको रु. २७२ अर्ब १५ करोडको तुलनामा ३२.३ प्रतिशतले बढी रु. ३६० अर्ब १४ करोड पुगेको छ । २०६७ माघ मसान्तमा यस्तो सञ्चिति २०६७ असार मसान्तको तुलनामा ४.० प्रतिशतले घटेर रु. २५८ अर्ब १० करोड रहन गएको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६८ असार मसान्तको रु. २१३ अर्ब १० करोडको तुलनामा २०६८ माघ मसान्तमा ४०.९ प्रतिशतले वृद्धि भई रु. ३०० अर्ब २९ करोड पुगेको छ । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रमा रहेको विदेशी मुद्रा सञ्चिति २०६८ असारदेखि २०६८ माघ मसान्तसम्ममा १४.६ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ४ अर्ब ४० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १.९ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६८/६९ को सात महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १०.० महिनाको वस्तु आयात र ९.० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४६. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६७ माघ मसान्तमा प्रति व्यारल अमेरिकी डलर १०१.६० रहेकोमा २०६८ माघ मसान्तमा १८.४ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर १२०.२५ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६७ माघ मसान्तको तुलनामा २०६८ माघ मसान्तमा २६.२ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १७३३.०० पुगेको छ ।

४७. २०६८ असार मसान्तको तुलनामा २०६८ माघ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १०.२ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.२ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६८ माघ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७९.०५ पुगेको छ । २०६८ असार मसान्तमा उक्त विनिमय दर रु. ७०.९५ रहेको थियो ।